जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः ८४ पृष्ठः ४ | २०८१ साउन ०९ गते बुधबार (Wednesday 24 July 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

### सिमलताल बस दुर्घटना :
## सर्लाहीका जितेन्द्र रामको सपना त्रिशूलीमै बग्यो



सर्लाही, ८ साउन। गत असार २८ गते बिहान भरतपुर महानगरपालिका-२८,नारायणगढ-मुग्लिन सडकको सिमलतालमा पहिरो खस्दा दुईवटा बसमा सवार ६५ बढी यात्रुले अकालमै ज्यान गुमाउनुपर्‍यो। नदीमा बससँगै धेरैको जीवनमा केही गर्ने सपना बिलायो भने उनीहरुका परिवारले सदस्य मात्रै गुमाएनन्, बाँच्ने आधार पनि सधैँको लागि अन्त्य भएको छ। सर्लाहीको रामनगर गाउँपालिका-३, का जितेन्द्र रामको विदेशमा कमाएर परिवारको पेट पाल्ने सपना पनि सोही घटनामा विलिन भयो। परिवारका अनुसार जितेन्द्र गाउँकै अर्का (हाल बेपत्ता) साथी रामा दाससँगै वैदेशिक रोजगारको तयारीमा थिए।

उनी म्यानपावर कम्पनीले विदेश जानुपूर्व गरिने स्वास्थ्य परीक्षण गर्न बोलाएपछि असार २४ गते मात्र काठमाडौं पुगेका थिए। स्वास्थ्य परीक्षण गरी घर फर्कँदै गर्दा असार २८ गते झिसमिसेमा उनी सवार बस पहिरोमा परेर त्रिशूलीमा खसेको थियो। जितेन्द्रले २७ गते साँझ ७ बजेतिर आफू घर आउँदै गरेको परिवारलाई जानकारी गराएका थिए। परिवारसँगको त्यही संवाद जितेन्द्रको अन्तिम संवाद बन्यो। करिब आठ वर्ष पहिला पनि उनी वैदेशिक रोजगारीका क्रममा तीन वर्ष मलेसिया बसेर फर्किएका हुन्। २८ वर्षका उनको श्रीमती दुई छोरी र एक छोरा छन्।

आर्थिक संकटबाट गुज्रिरहेको जितेन्द्रको परिवारमा यस घटनाले ठूलो बज्रपात गराएको छ। पाँच धुर घडेरीमा बनेको फुसको घरमा उनका बुबा, ठूलोबुबा र आफ्नो समेत गरी १७ जनाको परिवारले मुस्किलले ओत लागेको छ। भतिजोले विदेशबाट कमाएर परिवार पाल्छु भनेको ठूलो बुबा सरपलाल महरा सम्झन्छन्। पीडित परिवार अझै उनीहरु फर्किने

-बाँकी दुई पेजमा

## कटहरियाको सम्पूर्ण विद्यालय भदौ ५ गतेदेखि बन्द गर्ने चेतावनी

रौतहट, ८ साउन। रौतहटको कटहरिया स्थित नेपाल विद्यालय कर्मचारी तथा बाल विकास शिक्षक युनियन नगर कार्यसमितिले तलब भत्ताको माग गर्दै नगरपालिकामा ज्ञापन पत्र बुझाएका छन्। नगरभित्रका सामुदायिक विद्यालयहरूमा कार्यरत सम्पूर्ण विद्यालय कर्मचारीहरू, बाल विकास सहयोगी कार्यकर्तले तलब र भत्ताको माग गर्दै ज्ञापन पत्र मार्फत आन्दोलनको कार्यक्रम घोषणा गरेका हुन्। सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारी र बाल विकास सहयोगी कार्यकर्ताले आर्थिक वर्ष २०७९-०८० को वैशाखदेखि वैशाखदेखि असारसम्मको तलब र प्रति महिना दुई हजारको दरले प्रोत्साहन भत्ता समेतको रकम निकासा नभएको प्राप्त गर्न सकेका छैनन्। सम्पूर्ण विद्यालय कर्मचारी र सहयोगी कार्यकर्ताले १५ दिन भित्र तलब निकासा नभएमा आन्दोलन गर्न बाध्य हुने चेतावनी दिएका छन् । उनीहरुले आगामी भदौ २ गते देखि ३ गते सम्म कटहरिया नगरपालिकामा धर्ना बस्ने, भदौ ४ गते हातमा कालो पट्टी बाँधेर विद्यालयमा काम काज गर्ने र भदौ ५ गतेदेखि कटहरिया नगर क्षेत्रका सम्पूर्ण सामुदायिक विद्यालयहरू अनिश्चित कालका लागि बन्द गरिने विज्ञप्तिमा उल्लेख गरेका छन्। कटहरिया स्थित सम्पूर्ण सामुदायिक विद्यालयहरूमा विद्यालय कर्मचारी र बाल शिक्षा सहयोगी कार्यकर्ता गरी झन्डै ६० जना कार्यरत रहेका छन्। कटहरिया नगरपालिकाका मेयर अजय प्रकाश जैसवाल, उपमेयर रिता देवी यादवसहित जनप्रतिनिधि कर्मचारी गरी ११ जना भ्रष्टाचार मुद्दामा अख्तियारद्वारा दोषी ठहर भएर झन्डै १ महिना अघि निलम्बित भएपछि नगरको जवाफदेहिता अन्योलमा परेको छ।



GUPTA BROTHER'S AUTO TRADE
MIRCHAIYA, 9815732999, 9805973429, 033-550585
SNEHA AUTO ZONE
SIRAHA-7, THANA CHOWK, 033-520255, 9801552815
MA DHAMINI AUTO CONCERN
GOLBAZAR, 9801591693

## जानकी आँखा अस्पतालमा सेवा अवरुद्ध : बिरामीलाई सास्ती

जनकपुर, ८ साउन। जनकपुरधामको जानकी आँखा अस्पतालको सेवा अवरुद्ध भएपछि सेवाग्राहीले सास्ती भोग्नु परेको छ। जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ स्थित उक्त अस्पतालका सञ्चालन समितिका सभापति नरेशप्रसाद सिंह तथा अस्पतालका निर्देशक डाक्टर आशिष बोहराले एकलौटी गरेको भन्दै सर्वदलीय तथा सर्वपक्षिय संघर्ष समितिले



शनिबारदेखि तालाबन्दी गरेपछि अस्पतालको सेवा अवरुद्ध भएको हो।

संघर्ष समितिले आन्दोलनलाई निरन्तरता दिँदै छ बुँदे माग समेत राखेको छ। मागमा तलब तथा भत्ता पाउनुपर्ने र पुनर्बहाली हुनुपर्ने, अस्पतालको बेथितिको मुख्य कारण सभापति सिंह र निर्देशक डा. बोहरालाई बर्खास्त गर्नुपर्ने, अस्पताल तथा रेडक्रस धनुषा शाखाले गरेको भ्रष्टचार छानवीन गर्न समिति गठन गर्नुपर्ने, अस्पताललाई रेडक्रस मातहतबाट हटाई स्वायत्त संस्था बनाइनु पर्ने र अस्पतालको वर्तमान समिति विघटन गरी मधेश प्रदेश सरकारको मातहतमा अस्पताललाई सञ्चालन गरिनुपर्ने माग गरेको छ।

डा. अमित यादवले विगत ५ वर्षदेखि अस्पतालमा काम गरे पनि विरामीले पाउनुपर्ने सेवा सुविधा नपाइरहेको हुँदा उक्त सुविधा पाउने वातावरण निर्माण गर्न खोज्दा मेडिकल डाइरेक्टरले जबरजस्ती विभिन्न बहाना बनाई आफूलाई अस्पतालबट निकाल्न खोजेको आरोप लगाउनुभएको छ। अस्पतालमा सेवा थप सेवा सुविधा थप्नका लागि पहल गर्दा अस्पतालका सभापति र डाइरेक्टरले बाधा पुर्याएको आरोप लगाउँदै आफूलगायत अन्य डाक्टरहरुलाई पनि निकाल्न खोजेको डा. अमितको भनाइ छ।

यस्तै, आन्दोलनरत

-बाँकी अन्तिम पेजमा



## डेंगीबाट कसरी बच्ने ?

- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं।
- लामखुट्टेको टोकाईबाट बच्ने मलमा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔं।
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु समय समयमा सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## इन्दिरामाथि अन्याय नहोस् !

उपसभामुख इन्दिरा रानाले डेढ वर्षअघि अमेरिकी दूतावासलाई लेखेको पत्र अहिले चर्को विवादको विषय बनेको छ। रानाले संसद्सँग सम्बन्धै नभएका व्यक्तिहरूलाई आफ्ना सहयोगी भन्दै भिसाको प्रक्रियामा सहजीकरण गरिदिन दूतावाससँग आग्रह गरेको पत्र हालै सार्वजनिक भएको थियो। रानाको पत्र संसद्, सामाजिक सञ्जाल, सञ्चार माध्यम र सडकमा समेत विवादको विषय बन्न पुग्यो। एकाथरीले असम्बन्धित व्यक्तिहरूलाई अमेरिकाको भिसा दिलाउने नियतले पत्र लेखेको आरोप रानामाथि लगाएका छन् भने राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूले राजनीतिक रङ्ग दिन खोजेका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीका निलम्बित महामन्त्री डा। मुकुल ढकालले अमेरिकी दूतावासलाई पत्र पठाउँदा ९ लाख रुपियाँ लिइएको पोलसमेत खोलेर विवादलाई झन् चर्काइदिएका छन्। डा। ढकालका अनुसार अमेरिकी दूतावास पत्राचारमा पैसाको लेनदेन भएको जानकारी रास्वपाका सभापति रवि लामिछानेलगायत नेताले केही महिना पहिले नै पाएका थिए। उपसभामुख रानाले पत्र लेखेको सकारेकी छन्। यस्तै उनले पत्रमा सहयोगी भनेको व्यक्तिहरूमध्ये एक जनालाई मात्र चिनेको र अरू अपरिचित रहेको पनि बताएकी छन्। यसरी झुटा बेहोराको पत्र दूतावासमा पठाउनु उपसभामुख पदमा आसीन व्यक्तिका लागि सुहाउँदा आचरण होइन।

यस प्रकरणमा पैसाको लेनदेन भएको र भिसा सिफारिसका झुटो विवरण लेखिएको विषय प्रचलित कानुनअनुसार पनि दण्डनीय अपराध हो। उपसभामुखको पदमा पुगेको व्यक्तिको पदीय मर्यादाविपरीतको यस्तो आचरण नैतिक दृष्टिबाट पनि आपत्तिजनक नै हो। सम्भवतः यसैले उपसभामुख रानाको राजीनामाको माग गरिएको हुनुपर्छ। उपसभामुख रानाको दल रास्वपाका नेताहरूले भने संवैधानिक परिषद्मा अल्पमतमा पर्ने भयले सत्ता पक्षले राजनीतिक षड्यन्त्र गरेको आरोप लगाएको छ। हुन पनि संवैधानिक परिषद्मा अहिले नेकपा (माओवादी केन्द्र)का २ जना र रास्वपाका १ जना गरी विपक्षी दलका ३ जना छन्। प्रधान न्याायधीशले साथ दिए पनि सत्ता पक्ष अल्पमतमा पर्छ भने सामान्यतः राजनीतिक विवादमा उनी तटस्थ बस्ने अभ्यास छ।

सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, उपसभामुखजस्ता पदमा पुगेपछि दलगत संलग्नता त्यागेको घोषणा त गरिन्छ तर व्यवहारमा भने उनीहरू पुरानो दलकै नेताको इसारामा चल्ने गरेका छन्। यस्तै, संवैधानिक परिषद्लाई राज्यको जिम्मेवार निकाय बनाउन खोजिए पनि नेताहरूले अभ्यासमा दलगत भागबन्डाभन्दा माथि उठ्न दिएका छैनन्। यसैले इन्दिरा रानाको पत्राचार काण्ड कतै राजनीतिक षड्यन्त्र त होइन भन्ने सन्देह हुनु अस्वाभाविक होइन। तर, यही बहानामा रास्वपाका नेताहरूले 'मिडिया ट्रायल' गरियो भनेर खेल्न खोजेको 'भिक्टिम कार्ड' पनि अर्को राजनीतिक 'स्टन्ट'मात्रै हो। रानामाथि अन्याय हुनु हुँदैन भने अपराधमा उन्मुक्ति दिन पनि मिल्दैन।

'पैसा लिएर' झुटो बेहोराको पत्र दूतावासमा पठाएको विषयलाई राजनीतिक लेनदेन वा प्रभावमा सामसुम पार्न खोजियो भने गलत परम्परा बस्नेछ र अरू पनि त्यसै गर्न उत्साहित हुनेछन्। छानबिन नगरी उनलाई हटाइनु पनि न्यायपूर्ण अभ्यास हुनेछैन। यसैले सबैभन्दा पहिले सभामुखकै अग्रसरतामा संसदीय छानबिन होस्। छानबिन नगरी उनलाई झुटो बेहोरा लेखेर पत्राचार गरेको कलङ्क बोकाइरहनु पनि त अन्याय नै हो। उच्च नैतिकता प्रदर्शन गर्ने हो भने संसदीय छानबिन सुरु हुनेबित्तिकै उपसभामुख रानाले राजीनामा दिनसक्छिन्। तर, यहाँ त अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बयान दिनसमेत झन्डै हल्लाएर जाने गरेको उदाहरण छ। यस्तै, मूलतः रास्वपाका सभापति लामिछानेमाथि नै संसदीय छानबिन समिति गठन हुँदासमेत उनले गृहमन्त्री पद छाडेनन्।

यसैले छानबिनै नगरी उपसभामुख इन्दिरा रानालाई राजीनामा दिन दबाब दिनु अन्याय हुन्छ भने यति पोल खुलिसकेपछि कुनै पनि बहानामा छानबिन नगर्नु अपराधलाई ढाकछोप गरेर उन्मुक्ति दिनुसरह हुनेछ। यस प्रकरणमा सभामुख देवराज घिमिरेको पनि योग्यता र नैतिकताको कसी लाग्नेछ। छानबिनका लागि त उपसभामुख राना पनि तयारै होलिन् !




# यी हुन् सबैभन्दा धेरै श्रमिक विदेश पठाउने २० म्यानपावर

काठमाडौं, ८ साउन। गत आर्थिक वर्ष २०८०/८१मा ७ लाख ४१ हजार नेपालीहरु वैदेशिक रोजगारीमा गए। त्यसमध्ये म्यानपावर एजेन्सीमार्फत नयाँ संस्थागत श्रम स्वीकृति लिएर जानेको संख्या ३ लाख ५३ हजार १६३ रह्यो। वैदेशिक रोजगार विभागका अनुसार गत वर्ष २३ वटा म्यानपावर कम्पनीहरुले २ हजार जनासम्म श्रमिकहरु वैदेशिक रोजगारीमा पठाए। सबैभन्दा बढी श्रमिक पठाउनेको सूचीमा निलकमल ह्युमन रिसोर्स रह्यो, जसले ७ हजार २०८जना श्रमिक वैदेशिक रोजगारीमा पठाएको थियो। दोस्रो स्थानमा रहेको एसओएस म्यानपावर ओभसिजले ५ हजार ७४६ जना श्रमिक विदेश पठायो। तेस्रो स्थानको एयर किंग्स प्लेसमेन्ट ४ हजार १४ जना, चौथो स्थानको प्याराडाइज इन्टरनेसनलले ३ हजार ९८५ जना र पाँचौं स्थानको साउन्डलाइन्स रिक्वायरमेन्टले ३ हजार ८३२जना श्रमिक पठाएको थियो।

छैठौं स्थानको दि रिभर ओभरसिजले ३ हजार ७३४ जना, सातौं स्थानको इन्टरनेसनल म्यानपावर रिक्वयारमेन्टले ३ हजार ५७९ जना र आठौं स्थानको सोपोर्ट ह्युमन रिसोर्सले ३ हजार ५०९ जना श्रमिक विदेश पठाएको थियो। नवौं स्थानको एड्भान्स्ड म्यानेजमेन्ट सर्भिसेजले २ हजार ९८६ जना र दशौं स्थानको इम्पावार ह्युमन म्यानेजमेन्ट सर्भिसेज २ हजार ७६९ जना श्रमिक विदेश पठाएको विभागको तथ्यांकमा उल्लेख छ। ११औं स्थानमा रहेका आकर्षण इन्टरनेसनलले र लिंक इन्टरनेसनल प्लेसमेन्टले पनि समान २ हजार ७०६ जना श्रमिक वैदेशिक रोजगारीमा पठाएको तथ्यांक छ।

१२औं स्थानको सान नेपालले २ हजार ५६६ जना, १३औं मास ह्युमन रिसोर्सले २ हजार ५१७ जना, १४औं स्थानको एसपीएम ओभरसिजले २ हजार ४७३ जना र १५औं स्थानका अञ्जली ओभररसिजले २ हजार २६५ जना श्रमिक विदेश पठाएको छ। १६ औं स्थानको अल स्किल्स इन्टरनेसनल ह्युमन रिर्सोसले २ हजार १७६ जना , १७औं स्थानको जबसिकर म्यानपावरले २ हजार १६५ जना र १८औं स्थानको बेस्ट रिक्रुटमेन्ट सर्भिसले २ हजार १६४ जना श्रमिक पठाएको विभागले जनाएको छ। १९औं स्थानको अक्सोर्ड इन्टरनेसनलले २ हजार ४०८ जना र २०औं स्थानको नाइस रिक्रुटमेन्ट एजेन्सीले २ हजार ९८ जना श्रमिक विदेश पठाएको छ।

ग्रेस ओरभसिजले २ हजार ३१ जना र अलजरा ह्युमन रिसोर्स कन्सल्टेन्सी २ हजार जना श्रमिक विदेश पठाएको तथ्यांक छ।

# आयकर भारतमा भन्दा नेपालमा ६ गुणा बढी

काठमाडौं, ८ साउन। भारतले व्यक्तिगत आयकरको स्ल्याबमा परिवर्तन गरेपछि सवा ११ लाख नेपाली रुपैयाँसम्मको आयमा भारतको तुलनामा नेपालमा करको दर ६ गुणा बढी पुगेको छ। भारतीय अर्थमन्त्री निर्मला सितारमणले मंगलवार सार्वजनिक गरेको बजेटमार्फत ७ लाख भारु अर्थात् ११ लाख ३४ हजार नेपाली रुपैयाँसम्म ५ प्रतिशत कर तिरे हुने व्यवस्था गरिएको छ। त्यस बराबरको आयमा नेपालमा चार स्लाबमा आयकर तिर्नुपर्छ। शुरुमा ५ लाखसम्मको आयमा १ प्रतिशत कर लाग्छ भने त्यसपछिको २ लाखमा १० प्रतिशत कर लाग्ने गरेको छ। त्यस्तै, त्यसपछिको ३ लाख रुपैयाँमा २० प्रतिशत कर लाग्छ भने त्यसपछिको १० लाख रुपैयाँमा नेपालमा ३० प्रतिशत कर लाग्ने गरेको छ।

यस हिसाबले भारु ७ लाख बराबरको आयमा नेपालमा ३० प्रतिशतसम्मको स्लाबमा बसेर आयकर तिर्नुपर्ने अवस्था छ। जबकि, भारतमा ३ लाख भारु अर्थात् ४ लाख ८६ हजार सम्म कुनै कर नै तिर्नुपर्दैन। तीन लाख देखि ७ लाख भारुसम्म ५ प्रतिशत र ७ लाखदेखि १० लाख भारुसम्म १० प्रतिशत कर तिर्नुपर्ने प्रस्ताव भारतको बजेटले गरेको छ। त्यसभन्दा माथि १० लाख भारुसम्म भारतमा १० प्रतिशत र १० देखि १२ लाख भारुसम्म १५ प्रतिशत आयकर लाग्ने व्यवस्था छ। १२ देखि १५ लाख भारुसम्म २० प्रतिशत आयकर भारतमा लाग्दै आएको छ। १५ लाखदेखि माथिको आयमा भने भारतमा ३० प्रतिशत आयकर लाग्छ।

५० लाख भारुसम्म ३० प्रतिशत आयर लाग्छ भने त्यसभन्दा माथि १ करोड भारुसम्म १० प्रतिशत सरचार्ज जोडेर कर लाग्छ अर्थात् ३३ प्रतिशत कर लाग्छ। त्यस्तै, १ देखि २ करोड भारुसम्म १५ प्रतिशत सरचार्ज लाग्छ अर्थात् साढे ३४ प्रतिशत कर लाग्छ। त्यसभन्दा माथिको आयमा २५ प्रतिशत सरचार्ज लाग्छ। अर्थात् भारतमा अधिकतम् आयकरको दर साढे ३७ प्रतिशतसम्म छ। नेपालमा भने अत्यन्तै कमजोर आयवर्गकै जनतासँग राज्यले आयकर उठाउँदै आएको छ। आयकरको विश्वव्यापी मान्यता विपरीत नेपालले सबैभन्दा कमजोर आयवर्गका नागरिकहरुसँग १ प्रतिशत कर लिँदै आएको छ। ५ लाख रुपैयाँसम्म आय गर्नेले सो दरमा कर तिर्नुपर्छ।

त्यसपछिको २ लाखमा एकैपटक १० प्रतिशत कर तिर्नुपर्छ भने त्यसपछिको ३ लाखमा २० प्रतिशत कर तिर्नुपर्छ। १० लाखभन्दा माथि २० लाख रुपैयाँसम्म ३० प्रतिशत कर तिर्नुपर्छ भने त्यसमाथि ५० लाख रुपैयाँसम्म ३६ प्रतिशत आयकर तिर्नुपर्छ भने ५० लाखभन्दा माथिको आयमा ३९ प्रतिशत कर तिर्नुपर्छ। नेपालको तुलनामा भारतमा जिविका चलाउने खर्च १६.४ प्रतिशतले कम भएको यससम्बन्धी तथ्यांक राख्ने प्लेटफर्म 'नम्बियो'ले उल्लेख गरेको छ। तर, नेपालमा एकातिर जिविका चलाउने खर्च धेरै छ, अर्कातिर करको दर पनि भारतको तुलनामा अत्यधिक धेरै छ।

## *सिमलताल बस...*

आशमा बसिरेका छन्। बेपत्तामध्ये बरहथवा नगरपालिका–३, माझी टोलाका १८ वर्षका रमित कुशवार माझी र जितेन्द्र रामको मात्र शव फेला परेको हो। रामनगर गाउँपालिका–३, का रामा दास र कविलासी नगरपालिका–८, का रवीन्द्र साहको अझै अत्तोपत्तो छैन। यतिका दिन भइसक्दासमेत फेला नपरेका उनीहरु जीवित फेला पर्ने परिवारले आश मारिसकेका छन्।

बेपत्ता रामा दासको बुबा शुक्रबार मात्र मलेसियाबाट चितवन आएर छोराको लास भेटिने आशमा कुरिरहेका छन्। उनी १० वर्षदेखि मलेसियामा रोजगारीको सिलसिलामा थिए भने उनका दाजुसमेत वैदेशिक रोजगारीको लागि मलेसियामै छन्। गाउँघरमा ट्र्याक्टर जोत्ने लगाएको काम गर्ने रामा पनि पछिल्लो समय राम्रो कमाईको लागि भन्दै वैदेशिक रोजगारीको तयारीमा थिए। उनलाई मेनपावर कम्पनीले कागजात मिलाउन भन्दै काठमाडौँ बोलाएको आमाले बताइन्। घटनाको जानकारी पाए लगत्तैबाट मुर्छा परेकी उनले मलीन अनुहारमा छोराको लासमात्र भए पनि खोजी दिन आग्रह गरे। दैनिक ज्याला मजदुरी गरेर हातमुख जोर्दै आएको परिवार जितेन्द्रको मृत्युपछि थप संकटमा परेको छ।

बरहथवा नगरपालिका–३, रमित कुश्वार माझीको परिवारमा पनि आँखा ओभानो छैन। परिवारका जेठा छोरा गुमाउनु पर्दा असह्य पीडा भएको बुबा रवीन्द्र कुश्वार माझीले बताए। गाउँमा मेलापात गरेर बसिरहेका रमित गत तिहार पछिमात्र साथीको पछि लागेर काठमाडौँ गएका थिए। त्यसपछि पनि उनी धेरै पटक घर आउनेजाने गरेका थिए। त्यस दिन पनि गाउँमा आफन्त पर्नेको विवाहमा सरिक हुन भनेर रमित बस चढेका थिए।

सुरुमा सर्लाहीका लागि टिकट काटेका कविलासी नगरपालिका–८, निवासी २४ वर्षका रवीन्द्र साहलाई पनि काउन्टरवालाले रौतहटको बसमा चढाई दिएका थिए। रवीन्द्रका परिवार अझै बेहोसमै बरबराइरहेका छन्। परिवारका केही सदस्यले चितवनको अस्पताल कुरेको हप्तादिन बढी भइसक्यो। यता सास वा लासको अत्तोपत्तो नहुँदा परिवारमा थप पीडा भएको छ। गत असार २८ गते झिसमिसेदेखि एकनासले सामाजिक सञ्जालमा पहिरोसँगै त्रिशूलीमा बस खसेको समाचार आइरह्यो। जितेन्द्रको परिवारको कानमा पनि उक्त घटनाको सूचना पर्‍यो। पहिले उनीहरु अन्योलमा परे। पछि सोधीखोजी गर्दा जितेन्द्र सवार बस पनि खसेको पुष्टि भयो।

घरमा रुवावासी सुरु भयो। के गर्ने न कसो गर्ने अन्योलबीच जितेन्द्रका ठूलोबुबा सरपलाल महरा चितवन दुर्घटनास्थलतर्फ लागे। घटनाको दोस्रो दिन जितेन्द्रको शव त्रिशूलीमा फेला परेको खबर उनले पाए। लगत्तै उनीहरु लास राखेको भरतपुर अस्पताल पुगे। दुई दिनसम्म पानीले ढाडिएको लास चिन्न गाह्रो हुने अवस्था भइसकेको थियो। जितेन्द्रको हुलियासँग मिल्दोजुल्दो हुलियाको रौतहटकै एक युवकको समेत 'रेकर्ड' भएपछि प्रहरीलाई समेत शव चिन्न गाह्रो भयो। त्यसपछि उताको समेत परिवारलाई प्रहरीले अस्पताल झिकायो। त्यसबेला जितेन्द्रका ठूलोबुबाले आफ्नो भतिजो र रामा दासले २७ गते राति बनाएको अन्तिम टिकटक भिडियो प्रमाणका रुपमा पेस गरे।

प्रहरीले समेत भिडियोमा भएको कपडा तथा जुत्ताबाट जितेन्द्रको शवको यकिन सनाखत गर्‍यो। प्रहरीले शव दिएपछि उनलाई अर्को आपत् आइलाग्यो। भतिजोको शव ल्याउन शववाहनले १७ हजार मागेपछि उनी छाँगोबाट खसेजस्तै भए। गोजीमा एक बोतल पानी किन्ने पैसा नभएका उनका लागि त्यति ठूलो रकम पहाड बनेर उभियो। शवसँगै बसेर रुँदै गुहार मागेको सरपलाल बताउँछन्। एक व्यक्तिले शववाहनलाई सर्लाहीसम्म आइपुग्नका लागि तेल हाल्न भनेर ८ हजार दिएपछि उनी रातारात भतिजोको शव लिएर सर्लाही पुगेका थिए। अब काजक्रिया कसरी गर्ने चिन्ताले परिवारलाई सताएको छ।

# करेन्ट लगाएर गैंडा मारेको आरोपमा २ जना पक्राउ

चितवन, ८ साउन। चितवन राष्ट्रिय निकुञ्जले गैंडालाई करेन्ट लगाएर मारेको आरोपमा दुई जनालाई पक्राउ गरेको छ। भरतपुर महानगरपालिका वडा नं. २६ भगडी भन्ने स्थानमा गएराति करेन्ट लगाएर गैंडा मारेको देखिएपछि २ जनालाई अनुसन्धानका लागि पक्राउ गरिएको निकुञ्ज स्रोतले जनाएको छ। पक्राउ परेकाहरुको नाम भने निकुञ्जले सार्वजनिक गरेको छैन। उनीहरुले बँदेल मार्नका लागि भन्दै विद्युतीय धराप थापेको र सोही धरापमा गैंडा परेको देखिएको निकुञ्ज स्रोतले जनाएको छ। यो आर्थिक वर्ष २०८१/०८२ को पहिलो मृत गैंडा हो। गत आर्थिक वर्षमा चितवन निकुञ्जमा २१ वटा गैंडा मरेका थिए। तीमध्ये २ वटा सिकारीले मारेका थिए। एक गैंडाको मृत्यु कारण खुलेको छैन।

# बालबालिकामा फैलँदो क्षयरोग

## गाउँ–गाउँमा भएका क्षयरोगीको पहिचान गर्ने एक्टिभ मोडल कार्यान्वयन हुन नसक्दा नेपालमा क्षयरोगको अवस्था भयावह बन्दै गएको यस क्षेत्रका विज्ञहरू बताउँछन्।

**पुष्पराज चौलागाई**

काठमाडौं, ८ साउन। चैत अन्तिम साता, ९ वर्षीया बालिका कान्ति बाल अस्पतालमा भर्ना भइन्। ज्वरो आउने, बेला–बेलामा बेहोश हुने, पेट फुल्ने लगायत समस्या देखिएपछि अभिभावकले चार–चार वटा निजी अस्पतालमा देखाइसकेका थिए, तर रोग पत्ता लागेन। अन्तिममा क्षयरोग हुनसक्ने आशंकामा औषधि चलाए। बालिकाले कहिले औषधि खाने र छोड्ने गर्दा स्वास्थ्य अवस्था गम्भीर बन्दै गयो। अभिभावक बालिकालाई लिएर बाल श्वास–प्रश्वास तथा सघन रोग विशेषज्ञ डा. जगतजीवन घिमिरेकहाँ पुगे। उनले बालिकालाई क्षयरोग भएको आशंका गर्दै परीक्षण गर्न सुझाए। केही दिनको परीक्षणबाट उनमा क्षयरोग भएको पुष्टि भयो। 'एकदमै गम्भीर अवस्थामा आउनुभएको थियो। क्षयरोगले विभिन्न अंगमा असर गरिसकेको थियो' डा. घिमिरेले भने, 'तीन हप्ता आईसीयूमा राखेर उपचार गर्नुपर्‍यो।'

निरन्तर खोकी लाग्ने, खोक्दा रगत आउने समस्या देखिएपछि ४० वर्षीया महिला वरिष्ठ छाती रोग तथा सघन विशेषज्ञ डा. राजु पंगेनीकहाँ पुगिन्। लक्षणका आधारमा क्षयरोगको परीक्षण भयो, तीन दिनपछि त्यही रिपोर्टआयो। उनीसँगै १० वर्षको छोरा पनि बस्दै आएका थिए, उनमा कुनै लक्षण भने देखिएको थिएन। तर चिकित्सकले बालकको पनि परीक्षण गर्न सुझाए। 'एक्सरे मार्फत हेर्दा छातीमा दाग देखियो' डा. पंगेनीले अनलाइनखबरसँग भने, 'चेकजाँच गर्दा छोरामा पनि आमाबाट क्षयरोग सरेको पुष्टि भयो।' राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका अनुसार बालबालिकामा क्षयरोग संक्रमण बढ्दो छ। आर्थिक वर्ष २०७७/७८ मा १४ वर्ष मुनिका १ हजार ८९२ जनामा क्षयरोग संक्रमण पुष्टि भयो। २०७८/७९ मा ३ हजार २९३ र २०७९/८० मा २ हजार ९९५ जना नयाँ संक्रमित थपिए।

विश्व स्वास्थ्य संगठनले २०७६ मा गरेको राष्ट्रिय क्षयरोग प्रिभ्यालेन्स सर्वेक्षण अनुसार नेपालमा हरेक वर्ष क्षयरोगका ६९ हजार नयाँ बिरामी थपिने गरेका छन्। जसमध्ये कम्तीमा १० प्रतिशत १४ वर्ष मुनिका बालबालिका हुन सक्छन्। अर्थात् समुदायस्तरबाट पहिचान गर्ने हो भने प्रति वर्ष ६ हजार ९०० हाराहारी बालबालिकामा क्षयरोग हुनसक्ने आकलन गरिएको छ। तर ३ हजार हाराहारी मात्र उपचारको दायरामा आएकाले आधाभन्दा बढी बालबालिका उपचारबाट विमुख रहेको अनुमान गर्न सकिने चिकित्सकहरू बताउँछन्।

### के हो क्षयरोग ?

माइकोब्याक्टिरियम ट्युबरक्युलोसिस नामक जीवाणुका कारण लाग्ने सरुवा रोग हो, क्षयरोग। यो जीवाणुबाट प्रभावित मानिसले खोक्दा र हाच्छ्युँ गर्दा निस्कने स–साना कणबाट पनि अरूलाई सर्ने सम्भावना उच्च हुन्छ। चिकित्सकहरूका अनुसार यस्तो जीवाणु प्रवेश गर्दा १० प्रतिशत हाराहारी वयस्क मानिसले खोकेर वा श्वासनलीको प्रतिरोधी प्रणाली नै पखाल्ने गर्छ। ८० प्रतिशत मानिसमा फोक्सोभित्र वा शरीरका कुनै भागमा सुषुप्त अवस्थामा बस्छ, तत्काल क्षयरोग गराउँदैन। यसरी सुषुप्त बसेको जीवाणुले दीर्घरोग लाग्दा वा प्रतिरोधात्मक क्षमता घटेको बेलामा क्षयरोग संक्रमण गराउन सक्छ। १० प्रतिशत मानिसलाई भने फोक्सो र अन्य अंगले संक्रमण गराएर क्षयरोग देखिन्छ। यसरी संक्रमित भएकामध्ये पनि ८० प्रतिशतलाई फोक्सोमा संक्रमण गराउँछ। प्रिभ्यालेन्स सर्वेक्षण अनुसार प्रति वर्ष ६९ हजार नयाँ बिरामी थपिन्छन् भने पुराना समेत गरी १ लाख १७ हजार क्षयरोगका बिरामी रहेको अनुमान छ।

### जोखिममा बालबालिका

चिकित्सकहरूका अनुसार बालबालिकामा क्षयरोग पहिचान गर्नै समस्या छ। एक त बालबालिकामा पनि क्षयरोग संक्रमण हुनसक्छ भन्ने चेतनाकै कमि छ, त्यसैले रोग पत्ता लगाउने प्रयास नै हुँदैन। बालबालिकामा क्षयरोगका लक्षण अन्य रोगकै जस्तो देखिने भएकाले रोग पहिचान सहज पनि छैन। वयस्क व्यक्तिलाई क्षयरोग लागेमा खोकीसँगै खकारमा रगत, छाती दुख्ने, तौल घट्ने, कमजोरी हुने, ज्वरो आउने र राति–पसिना निस्किने लक्षण देखिन्छन्। क्षयरोग लागेको आशंका भएमा खकारबाट सहजै परीक्षण गर्न सकिन्छ।

बालबालिकामा भने ज्वरो आउने, तौल घट्ने समस्या प्रमुख रूपमा देखिन्छ, जुन अन्य रोगका लक्षणसँग पनि मिल्दोजुल्दो हुन्छ। उनीहरूले खकार निकाल्न नसक्ने भएकाले सहज रूपमा परीक्षण गर्न पनि सकिन्न। लक्षणको आधारमा खाली पेटबाट पानी निकालेर परीक्षण गर्ने गरिन्छ, जुन सीमित स्वास्थ्य संस्थामा मात्रै हुन्छ। 'शरीरमा कम ब्याक्टेरिया हुने भएकाले कतिपय अवस्थामा रिपोर्ट पोजेटिभ नदेखिने हुन्छ जसले रोग पहिचान गर्न चुनौती देखिएको छ', डा. घिमिरे भन्छन्।

अझ ५ वर्षमुनिका बालबालिकामा क्षयरोगको जोखिम अधिक हुन्छ। चिकित्सकहरूका अनुसार, ५ वर्षमुनिका बालबालिकाको फोक्सो राम्रोसँग विकसित भएको र रोग प्रतिरोधात्मक क्षमता बढेको पनि हुँदैन। रोग प्रतिरोधात्मक क्षमता कम हुने भएकाले क्षयरोगका कीटाणुले छिट्टै संक्रमण गर्छन्। बालबालिकामा भने फोक्सोमा मात्रै नभई अन्य विभिन्न अंगमा पनि संक्रमण गराउने हुन्छ। 'प्रतिरोध प्रणाली नै कमजोर हुने भएकाले फोक्सोले मात्रै ब्याक्टेरियालाई घेरेर राख्न सक्दैन। जसका कारण अन्य अंगमा संक्रमण छिट्टै फैलिने गर्छ', डा. राजु पंगेनीले भने। फोक्सो बाहेक ढाडको हाी, मिर्गौला, मुटु, मस्तिष्क, आन्द्रा आदिमा क्षयरोगको संक्रमण हुन सक्छ।

डा. घिमिरेका अनुसार कतिपय बालबालिकामा दुई वा दुईभन्दा बढी अंगमा क्षयरोगको ब्याक्टेरियाले असर गरेको हुन्छ, जसले स्वास्थ्य अवस्था गम्भीर बन्न सक्छ। कतिपय बालबालिकामा ब्याक्टेरिया फैलिएको खण्डमा मृत्यु समेत हुन सक्छ। 'बालबालिकाको एक मात्रै होइन, विभिन्न अंगमा संक्रमण फैलिने हुन्छ। जुन क्षयरोग एकदमै कडा हुन्छ' डा. घिमिरेले भने, 'यस्ता बिरामीलाई आईसीयूमा राखेर उपचार गर्नुपर्छ। कतिपय अवस्थामा संक्रमण फैलिएर मृत्यु समेत हुन्छ।'

### कसरी सर्छ बालबालिकामा क्षयरोग ?

चिकित्सकहरूका अनुसार बालबालिकामा क्षयरोग दुई कारणले सर्ने सम्भावना हुन्छ। एक जन्मजात नै गर्भवती आमाबाट र अर्को घरपरिवारका सदस्यबाट सर्ने जोखिम उच्च हुन्छ। बालबालिका धेरै समय विद्यालयमा बिताउने गर्छन्। एउटा संक्रमितको खाजा, पानी अर्को साथीले खाँदा पनि रोगको संक्रमण हुन सक्छ। चिकित्सकका अनुसार एक संक्रमितले वर्ष दिनमा औसतमा दशभन्दा बढी स्वस्थ मानिसलाई रोग सार्ने क्षमता राख्छ। 'पछिल्ला दिनमा क्षयरोग पत्ता लगाउने प्रविधिको विकास हुँदा क्षयरोगीको संख्या पनि बढ्दै गएको छ' डा. पंगेनी भन्छन्, 'क्षयरोगी बालबालिकाको संख्या बढ्नुले समुदायका वयस्कमा पनि क्षयरोग नियन्त्रणमा छैन भन्ने देखाउँछ।'

### बल्ल समुदायमा जाँदैछ सरकार


नियमित औषधि खाने हो भने क्षयरोग निको हुन्छ। सरकारी तथ्यांक अनुसार ६ हजार २०९ डीओटीएस (डट्स) केन्द्रबाट क्षयरोगको निःशुल्क औषधि वितरण हुन्छ। यसैगरी डीआर सेन्टर २३, डीआर सब–सेन्टर ८२ र ६ वटा डीआर होस्टलबाट क्षयरोगका बिरामीले निःशुल्क उपचार सेवा पाउँछन्। सरकारले डीआरका बिरामीलाई पोषण भत्ता सहित निःशुल्क बीमाको व्यवस्था समेत गरेको छ। तर, बिरामीले नियमित रूपमा औषधि सेवन नगर्दा रोकथाममा थप चुनौती थपिएको छ। अधिकारीहरूका अनुसार अहिले पनि ३० हजार संक्रमित उपचारको दायरामा आएका छैनन्। उपचारमा आएकाहरूले पनि बीचमै औषधि छोडेको सरकारी तथ्यांकले नै देखाउँछ। चिकित्सकहरूका अनुसार, क्षयरोगको औषधि खान छुटाउँदा संक्रमितको शरीरमा औषधि प्रतिरोधी क्षमता विकास हुन्छ।

सामान्य क्षयरोगीले कम्तीमा ६ देखि ९ महिनासम्म औषधि खानुपर्छ भने डीआरहरूले कम्तीमा एक वर्षदेखि १८ महिना वा सोभन्दा बढी नियमित सेवन गर्नुपर्छ। साथै उनीहरूको संक्रमण गम्भीर र जटिल हुन्छ। 'एक महिना औषधि खाएपछि बिरामीलाई निको भए जस्तो महसुस हुन्छ। बीचमा छोड्दा औषधिले नराम्रो प्रतिक्रिया जनाउँछ' डा. पंगेनी भन्छन्, 'यसरी डीआर भएका बिरामी झन् बढी संक्रामक हुने हुँदा समुदायस्तरमा संक्रमण बढी फैलिन्छ।' नेपालमा मृत्युका १० प्रमुख कारकमध्ये क्षयरोग सातौंमा छ। २०७४/७५ को प्रिभ्यालेन्स सर्वेक्षणले क्षयरोगका कारण १७ हजारको मृत्यु हुने आकलन गरेको छ।

नेपालमा क्षयरोगको संस्थागत रूपमा उपचार हुन थालेको ८ दशकभन्दा बढी भइसक्यो। यस अवधिमा रोकथामका लागि विभिन्न मोडल प्रयोग भए। कहिले स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा गरिने उपचार (डट्स) त कहिले स्टप टिबी रणनीति बनाएर गर्ने काम भयो। तर क्षयरोगको रोकथाम र निवारण हुन सकेन। 'प्रति वर्ष क्षयरोगका ७० हजार नयाँ बिरामी थपिने आकलन गरिएको छ तर त्यसमध्ये ४२ प्रतिशत क्षयरोगका बिरामीलाई पहिचान गर्न सकेका छैनौं', राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका प्रमुख डा. प्रज्ज्वल श्रेष्ठले भने। गरिबी, अशिक्षा, क्षयरोगका बिरामीलाई विभेद, स्वास्थ्य सेवामा पहुँचको कमि, समाजमा पहुँच भएकाहरू पनि स्वास्थ्य संस्थामा नजाने प्रवृत्ति जस्ता कारणले क्षयरोगीको पहिचान हुन नसकेको उनको तर्क छ।

जानकारहरू भने क्षयरोगीहरूको पहिचानका लागि सरकारले लिएको नीति नै फेल भएको बताउँछन्। सरकारले प्यासिभ (निष्क्रिय) मोडलमा काम गरेको छ अर्थात् स्वास्थ्य संस्थामा आएका बिरामीलाई मात्र परीक्षणको दायरामा ल्याएको छ। गाउँ–गाउँमा भएका क्षयरोगीको पहिचान गर्ने एक्टिभ मोडल कार्यान्वयन हुन नसक्दा नेपालमा क्षयरोगको अवस्था भयावह बन्दै गएको यस क्षेत्रका विज्ञहरू बताउँछन्। क्षयरोगमुक्त नेपाल अभियानका लागि पञ्चवर्षीय रणनीतिक योजना (२०७८/७९ देखि २०८२/८३) कार्यान्वयनमा ल्याएको सरकारले पनि बल्ल समुदायमै गएर क्षयरोग संक्रमितहरूको पहिचान गर्न थालेको छ। राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका अनुसार यस आर्थिक वर्षमा २५ वटा पालिकामा समुदायस्तरमा एक्टिभ मोडलमार्फत क्षयरोगीको खोजी गर्ने कार्यक्रम राखिएको छ। यसभन्दा अगाडि बढी जोखिमयुक्त १२५ वटा पालिकामा क्षयरोगका बिरामीको खोजपड्ताल गरिएको थियो।

२०८३ सम्ममा ७५३ वटै स्थानीय तहमा यो कार्यक्रम पुर्‍याउने केन्द्रको योजना छ। यसले क्षयरोगको वास्तविक अवस्था पत्ता लगाउने, रोगीहरूलाई उपचारको दायरामा ल्याउने र संक्रमणको 'चेन ब्रेक' गर्ने डा. श्रेष्ठ बताउँछन्। तर यही गतिमा सन् २०३५ सम्म क्षयरोग उन्मूलन गर्न सम्भव देखिएको छैन।




# सवारी दुर्घटनामा कमी

ढल्केबर, ८ साउन। धनुषामा विगतका तुलनामा आर्थिक वर्ष २०८०/८१ मा सवारीसाधन दुर्घटनामा कमी आएको छ। सवारीसाधन दुर्घटनाबाट हुने मानवीय क्षति पनि कम भएको ट्राफिक प्रहरीले जनाएको छ। ट्राफिक प्रहरी कार्यालय धनुषाको तथ्याङ्क अनुसार आव २०७८/७९ मा ९७४ सवारी दुर्घटना हुँदा १०५ जनाको मृत्यु भएको थियो। दुर्घटनामा परी ५४० जना गम्भीर घाइते भएका थिए। आव २०७९/८० मा एक हजार १६ सवारी दुर्घटनामा परेर ८४ जनाको मृत्यु भएको थियो। दुर्घटनामा परी ४५६ गम्भीर घाइते भएका थिए। यस्तै आव २०८०/८१ मा एक हजार ९१ सवारीसाधन दुर्घटना हुँदा ७४ जनाको मृत्यु भएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक हरिबहादुर वलीले ट्राफिक सचेतना कार्यक्रम र प्रहरी कारबाहीको प्रभावकारिताका कारण सवारी दुर्घटना तथा मानवीय क्षति कम भएको दाबी गर्नुभयो। त्यस्तै सवारी नियम उल्लंघन गर्नेलाई कारबाही गर्दा राजस्व सङ्कलनमा समेत वृद्धि भएको छ। आव २०८०/८१ मा २९ हजार ६५ सवारीलाई कारबाही गर्दा दुई करोड ३४ लाख ५१ हजार ५०१ रुपियाँ राजस्व संकलन भएको छ।

आव २०७९/८० मा ३८ हजार ४४९ वटा सवारीसाधनलाई कारबाही गर्दा दुई करोड ६० लाख एक हजार रुपियाँ संकलन भएको थियो। यसै गरी आव २०७८/७९ मा २४ हजार ७८८ वटा सवारीसाधनलाई कारबाही गर्दा एक करोड ९७ लाख ५६ हजार रुपियाँ राजस्व सङ्कल भएको थियो। प्रहरी निरीक्षक वलीले सवारीसाधनलाई कारबाही गरी बढी राजस्व सङ्कलन गर्नेभन्दा पनि सवारी दुर्घटनामा कमी, मानवीय क्षति र

**–बाँकी अन्तिम पेजमा**

## माओवादीलाई शेखरको प्रश्न—

# १० वर्षमा संविधान सुधार गर्नुपर्छ भन्ने बिर्सनु भयो

काठमाडौं, ८ साउन। नेपाली कांग्रेसका सांसद डा. शेखर कोइरालाले संविधान संशोधनको विपक्षमा रहेका राजनीतिक दलहरूले राम्रोसँग संविधानको अध्ययन नगरेको बताएका छन्। मंगलबार काठमाडौँमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्। सांसद कोइरालाले संविधानमै हरेक १० वर्षमा संविधान संशोधन गर्नुपर्ने उल्लेख गरेको भन्दै कमी कमजोरीलाई सच्याउन आवश्यक रहेको बताए। उनले संविधान के–के कुरामा सुधार गर्ने भन्नेबारेमा



भने छलफल गर्न आवश्यक रहेको बताए। उनले कांग्रेस र एमाले मिलेर बनेको सरकारको प्राथमिकतामा संविधान संशोधन, सुशासन र भ्रष्टाचार नियन्त्रण परेको भन्दै खुसी प्रकट गरे। उनले राजनीतिक स्थायित्वका लागि निर्वाचन प्रणालीमा संविधान संशोधन गर्न जरुरी रहेको बताए।

सांसद कोइरालाले कांग्रेसबाट सरकारमा गएका मन्त्रीहरूले खादा, माला र स्वागतमै समय बिताइरहेको बताए। आफूले पार्टीबाट सरकारमा सहभागी मन्त्रीहरूलाई काममा ध्यान दिन आग्रह गरेको पनि उनले बताए। सरकारलाई कुनै गल्ती गरेर असफल हुने छुट नरहेको उनले बताए। उनले सरकारले जनतामा रहेको निराशालाई आशामा परिणत गर्न सक्नुपर्ने बताए। उनले राष्ट्रलाई प्राथमिकता राखेर जनतामा आशा जगाउँदै आर्थिक विकासमा फड्को मार्नुपर्ने बताए। सांसद कोइरालाले राजनीतिक स्थायित्वका लागि संविधान संशोधन हुनुपर्ने, निर्वाचन प्रणालीमा संशोधन गर्नुपर्ने, समावेशीलाई कुनै आघात नपुग्ने गरी अघि बढ्नुपर्ने बताए। उनले संविधान संशोधन गर्दा संसदभित्रका सबै राजनीतिक दलसँग सहमति गरेर नै अघि बढ्नुपर्ने बताए। दुई तिहाइ बहुमतको दम्भ गरेर संविधान संशोधन गर्न नहुने बताए।


# हार्दिक श्रद्धाञ्जली



जन्म :
२०१७/०३/१२

स्वर्गारोहन :
२०८१/०४/०४

**स्व. चक्र बहादुर बिक**

**यस राजश्री सेविंग्स एण्ड क्रेडिट को–ऑपरेटिभ सोसाईटी लि.मा कार्यरत अत्यन्त मिलनसार फिल्ड सिनियर चक्र बहादुर बिक को यही मिति २०८१ साउन ०४ गते अकल्पनीय एवं असमायिक निले यस राजश्री सेविंग्स एण्ड क्रेडिट को–ऑपरेटिभ सोसाईटी लि.परिवार अत्यन्त दुःखी एवं ममाृहित भएको छौं । शोकको यस घडीमा दिवंगत आत्मा प्रति चिर शान्तिको कामना तथा श्रद्धाञ्जली अपर्ण गर्दै शोक संतप्त परिवारजनमा धैर्यधारण गर्न सक्ने शक्ति भगवानले प्रदान गरुन भनी हार्दिक समवेदन प्रकट गर्दछौ ।**

**राजश्री सेविंग्स एण्ड क्रेडिट को-ऑपरेटिभ सोसाईटी लि.**
**शाखा मिर्चैया, सिरहा परिवार**


### सवारी ...

सावरीसाधनको क्षति कमी गराउने मुख्य उद्देश्य रहेको बताउनुभयो। सवारी दुर्घटना न्यूनीकरण गर्न पैदलयात्रु, चालक, विद्यार्थीलगायत सर्वसाधारणमाझ जनचेतना कार्यक्रम गरिँदै आएको बताउनुभयो। उहाँले आव २०८०/८१ मा मात्र दुई हजार ३३८ वटा सचेतनामूलक कार्यक्रम गरिएको जानकारी दिनुभयो।

सवारी दुर्घटना हुनुमा यातायातका साधनमा हुने यान्त्रिक गडबडी, तीव्र गतिमा सवारी चलाउने, मादक पदार्थ सेवन गरी सवारी चलाउने, सडकको अवस्था नहेरी ओभरटेक गर्ने, पुलमा जबरजस्ती दुवैतर्फबाट गाडी हुल्ने, रातको समयमा लाइट डिम नगर्ने, जथाभाबी सडक पार गर्न खोज्ने जस्ता लापर्बाहीले दुर्घटना हुने गरेको प्रहरी निरीक्षक वलीको भनाइ छ।

# रौतहट प्रहरीद्वारा वार्षिक प्रगति विवरण सार्वजनिक

रौतहट, ८ साउन। जिल्ला प्रहरी कार्यालय रौतहटले आर्थिक वर्ष २०८०/०८१ को कार्य प्रगति विवरण सार्वजनिक गरेको छ। जिल्ला प्रहरी कार्यालय रौतहटले एक विज्ञप्तिमार्फत वार्षिक प्रगति विवरण सार्वजनिक गरेको हो।

**अवैध सामान बरामद, राजश्व सङ्कलन**

गत आर्थिक वर्षको साउन १ देखि २०८१ असार मसान्तसम्ममा जिल्ला प्रहरी तथा मातहतका सम्पूर्ण युनिटहरूले विभिन्न किसिमको अवैध सामानहरू बरामद गरी कुल ४ करोड ९१ लाख ९३ हजार चार सय ५६ रूपैयाँ राजस्व सङ्कलन गरेको रौतहट प्रहरी प्रमुख एसपी दिलीप घिमिरेले बताए। उक्त भन्सार छलीका समान ओसार पसार गर्न प्रयोग गरिएको २ ट्रक,४ बोलेरो ,२ टेम्पो,११६ मोटरसाइकल सहित १४९ सवारीसाधन बरामद गरी भन्सार कार्यालय गौर र आन्तरिक राजश्व कार्यालय पथलैयामा दाखिला गरिएको एसपी घिमिरेले जानकारी दिए। त्यस्तै ४४ जना तस्करलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याइएको उल्लेख गरिएको छ।

**हुन्डी कारोबार**

हुन्डी कारोबारमा संलग्न ६ जनालाई पक्राउ गरी ३० लाख ६५ हजार छ सय ६० रुपैयाँ बरामद गरेको छ। त्यस्तै गत आर्थिक वर्षमा एक हजार ७७ वटा विभिन्न प्रकारको मुद्दा दर्ता भएको छ भने सात सय १५ जना आरोपी पक्राउ परेका थिए। सो मुद्दा मध्ये ६५२ फर्छ्यौट भएको छ। त्यस्तै पाँच हजार ७७ ठाडो उजुरीमा चार हजार दुई सय वटा उजुरीको मिलापत्र भइसकेको छ। सोही अवधिमा ३३ वटा लागु औषध मुद्दा दर्ता भएकोमा ४८ जना पक्राउ परेका थिए। यसैगरी एक वर्षको अवधिमा अवैध हातहतियार तर्फ ११ थान विभिन्न प्रकारको हतियार र ८ जना मानिस पक्राउ परेका थिए।

**ट्राफिकतर्फ दुर्घटना तथा राजश्व सङ्कलन**

वर्षभरिमा सवारी नियम विपरीत चलेका २१ हजार ९० सवारीलाई ट्राफिक कारबाही गरी दुई करोड ,६९ हजार दुई सय ५० रुपैयाँ राजश्व सङ्कलन गरिएको छ। त्यस्तै ६७३ दुर्घटनामा ६३ जना मानिसको मृत्यु तथा एक हजार ६५ जना मानिस घाइते भएका थिए। सोही अवधिमा विभिन्न स्थानमा गरिएको एक हजार ७३५ चेतनामूलक कार्यक्रममा ६८ हजार ४८५ जना सहभागी भएको जिल्ला ट्राफिक प्रमुख इन्स्पेक्टर सुशील आचार्यले बताएका छन्।

**अवैध मदिरा र भट्टी नष्ट**

जिल्ला भरीमा अवैध रूपमा सञ्चालित एक सय २६ रक्सी भट्टी नष्ट गर्नुका साथै,तयारी मदिरा–दुई हजार ९५लिटर, र कच्चा पदार्थ ६ हजार ८६० लिटर नष्ट गरिएको छ। गत आवमा अनुचित लेनदेन मिटर ब्याजमा एक हजार पाँच सय ५७ मुद्दा दर्ता भएकोमा ४८ वटा मुद्दा मेलमिलापबाट टुङ्गो लागेको प्रवक्ता डिएसपी एलिजा गिरीले बताइन्।

# महोत्तरीमा भेटिएको मध्यपाषण युगको हतियार कारखानावारे मुख्यमन्त्रीको चासो

**विशाल बस्नेत**

महोत्तरी, ८ साउन। जर्मन नागरिक गुड्रन कर्विन्सले महोत्तरीमा फेला पारेको मध्यपाषण युगको हतियार कारखानाको बिषयमा मधेश प्रदेश सरकारले चासो देखाएको छ। जिल्लाको बर्दिवासस्थित पाटुमा रहेको यस ठाँउको थप अध्यन गरी पुरातात्विक पर्यटन केन्द्रकोरुपमा विकास गर्न गुरुयोजना वनाउने मुख्यमन्त्री सतिश कुमार सिंहले वताए। होटल तथा पर्यटन व्यवसायी माहासंघ मधेश प्रदेशले सोमवार आयोजना गरेको घुमौ मधेश, बुझौ मधेश भन्ने कार्यक्रममा स्थलगत अनुगमनको क्रममा मुख्यमन्त्री सिंहले १० हजार बर्ष पहिला मानवको चहलपहल रहेको बिषय निक्कै रोचक रहेको प्रतिक्रिया दिए।

पुरातात्विक मबहत्वका हिसावले महत्वपूर्ण भएको बताउदै यसलाई संरक्षण गर्न स्थानीय सरकारले समेत योजना वनाउनुपर्नेमा मुख्यमन्त्री सिंहले जोड दिए। सन् १९८५ को दशकमा १० वर्ष लगाएर पाटुको अध्ययन गरेकी थिइ कर्विन्सले रातो माटोले पुरिएको अवस्थामा हजारौं मध्य पाषण युगका हतियारहरु भेटिएपछि यो नै मध्यपाषण युगको हतियार कारखाना भएको निष्कर्ष निकालेकी थिइन्। जुन युग १० देखि १२ हजार बर्ष पहिलाको मानिन्छ।

उनले आफ्नो किताब ९प्रिहिज्टोरिक कल्चर्स इन नेपाल भोलम १, पुष्ट २३९, सन २००७० मा अहिलेको पाटु र रातु नदी वरपरको मानव सभ्यता भियतनामको सभ्यतासँग मिल्दोजुल्दो भएको र भारतिय सभ्यतासँग कुनै मेल नखाएको पुष्टि गरेकी थिइन्। कार्विन्सले किताबमा उल्लेख गरेअनुसार ढुंगा, हड्डी वा काठबाट एकातिरको भाग धारिलो बनाएर बनाइएको साना हतियार, ढुंगाका टुक्राहरु हजारौ संख्यामा भेटिएका थिए। तिनीहरुलाइ ३० देखि ७० सेन्टिमिटर मुनि राता माटामा उत्खनन् गर्दा सजिलै भेटिए। अर्को रहस्य त के थियो भने हतियारहरुको स्वरूप भारतमा मध्य पाषण युगमा पाइएका जस्ता थिएनन्। यिनीहरु भियतनाममा पाइएजस्ता भएको हुनाले यांहाका मानवहरु भारततर्फबाट आएको दावी गरे पनि दक्षिणपूर्व तर्फबाट आएका थिए भन्ने संकेत गर्ने पनि उल्लेख गरिएको छ।

पर्यटकीय गन्तव्यहरुको खोजी गर्ने उदेश्यले होटल तथा पर्यटन व्यवसायी संघ मधेश प्रदेशले आयोजना गरेको स्थलगत अनुगमनमा उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री सकिल अलि मियाँले पनि पाटुको पुरानो मानव सभ्यताको बिषयमा चासो देखाएका छन्। नेपालमा पहिलो पटक रेकर्ड भएको १२५५ को शक्तिशाली भूकम्पले समेत यस क्षेत्रको चुरे पहाड १० फिट माथी उठेको तथ्यहरु फेला परेका छन्। यी विवध कारणले पनि यस ठाँउलाई मधेश कै पुरातात्विक केन्द्रकोरुपमा विकास गर्न प्रयास गर्ने मन्त्री मियाँले वताए।

### जानकी आँखा...

डा.सन्तोषकुमार साहले अस्पतालका मेडिकल डाइरेक्टर आषिश बोहराले तलब रोक्का मात्र नभई आफूलाई ठगी गरेको आरोप लगाउनु भएको छ। आफू भरतपुरको आँखा अस्पतलामा कार्यरत हुँदा यहाँ बोलाएर नियुक्ति समेत नदिएको र सुरुमा तोकेको तलबलाई घटाउँदै गएको बताउनुभयो। डा. अमित यादवलाई निकाल्न आफू र डा. रञ्जना ठाकुरलाई आफने निजी निवासमा छलफलका लागि बोलाइएको समेत आरोप लगाउनुभयो। सोही विवादलाई सुल्झाउन नेपाल चिकित्सक संघ धनुषाले बिहिबार जनकपुरधाममा सर्वपक्षीय बैठक समेत बोलाएको थियो भने आँखा अस्पतालमा कार्यरत चिकित्सकहरु डा. अमित यादव, डा. सन्तोष कुमार साह र डा. रञ्जना ठाकुरको पक्षमा उनीहरुको नियुक्ति र बाँकी रहेको तलब सन्दर्भमा बुधबार संघका पदाधिकारीहरु अस्पताल पुगेका थिए। अस्तापलमा शुक्रबार पूर्वमन्त्रीसहितको टोलीबीचको घम्साघम्सी सुरु भएपछि धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले छलफलको लागि दुवै पक्षलाई बोलाउनुभएको थियो। यता आँखा अस्पतालका प्रमुख डा.आशिष बोहराले अस्पताल जस्तो संवेदनशील ठाउँको सेवा अवरुद्ध गनु नहुने बताउनुभयो। उहाँले नेपाल तथा भारतका गरेर दैनिक सात सय बढीले यहाँबाट सेवा सुविधा लिइरहेको अवस्थामा यसरी तालाबन्दी गरेर सेवा अवरुद्ध गर्नु हातपात गर्नु उचित नरहेको हुँदा विवाद सुल्झाउने तर्फ लागेको बताउनुभयो।

अस्पतालमा हातपात भएपछि अहिले डा. बोहरा काठमाडौं जानु भएको छ। उहाँले भन्नुभयो,“ज्यान सुरक्षित हुने अवस्था नदेखेपछि काठमाडौं आएको हुँ, त्यहाँको समस्यालाई समाधान गर्ने पहल पनि भइरहेको छ। त्यसका लागि सोमबार बैठक बस्ने कुरा थियो तर, त्यसैबिचमा पार्टीका कार्यकर्ता बोकेर कार्यकक्षमै आएर हातपात गरियो।” डा. बोहराले भन्नुभयो,“अस्पतालमा कर्मचारीको कमी छ, हामीले विज्ञापनबाट कर्मचारी आह्वान गर्ने प्रबन्ध मिलाइरहेका छौं, त्यसमा योग्यता अनुसार आवेदन दिन सकिन्छ, यसरी जबरजस्ती कसैले जागीरमा नियुक्ती गर भनेर गर्नु कुनै नियम कानुमा छैन, अस्पताललाई अस्पताल जस्तो रहन दिनुपर्छ, कुनै राजनीतिक दल वा परिवारवाद हावी हुनु हुँदैन।” मंलबारसम्म पनि अस्तपतालको सेवा अवरुद्ध हुँदा विभिन्न स्थानबाट आए पनि पनि सेवा नपाउँदा सेवाग्राही आक्रोशित बनेका थिए। सेवा नदिए अस्पताल किन खोल्नु भन्दै आक्रोशित भएका थिए। डा. अमित र डा. सन्तोषले रुखको छहारी र टेन्ट लगाएर अस्पताल प्रांगणमा सेवाग्राहीलाई सेवा दिँदै आएका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)